# अर्थ बुलेटिन

वर्ष २ अंक ५

२०७७ मङ्सिर

**नेपाल सरकार**
**अर्थ मन्त्रालय**



### प्रमुख आर्थिक झलकहरू

- कोभिड-१९ को प्रभाव क्रमशः कम हुँदै गएकोले आर्थिक क्रियाकलापहरू पुनः सञ्चालन हुन थालेका छन्। सरकारी खर्च र राजस्वमा क्रमशः सुधार हुदैं गएको छ। भन्सार विन्दुमा संकलन हुने राजस्व बढेको छ। वैदेशिक सहायता प्रतिवद्धतामा ३१ प्रतिशतले वृद्धि भएको छ।
- पैठारीमा केही संकुचन आएको छ भने निकासीमा सामान्य वृद्धि भएको छ। कुल वस्तु व्यापारमा निकासीको अंश गत आर्थिक वर्षको ७.६ प्रतिशतबाट वृद्धि भई ८.७ प्रतिशत पुगेको छ। व्यापार घाटा १०.९ प्रतिशतले सुधार भएको छ। शोधानान्तर स्थिति बचतमा रहेको छ। समग्रमा बाह्य क्षेत्रको स्थायित्व मजवुत बन्दै गएको छ।
- नेप्से सूचकांक र बजार पूँजीकरणमा उल्लेख्य सुधार भएको छ। बीमा प्रिमियम संकलन बढेको छ। वित्तीय क्षेत्रका परिसूचकहरू सकारात्मक रहेका छन्।

**प्रकाशन तथा सम्पादन**
आर्थिक नीति विश्लेषण महाशाखा
सिंहदरवार, काठमाडौं

## मुलुकको वर्तमान आर्थिक परिदृष्य

### संघीय सरकारी खर्च

१. आर्थिक वर्ष २०७७/७८ को मङ्सिरसम्म संघीय सरकारको कुल खर्च रू.३ खर्ब २८ अर्ब ४६ करोड पुगेको छ। यो रकम गत आर्थिक वर्षको सोही अवधिमा भएको खर्च रू.२ खर्ब ९८ अर्ब ७० करोडको तुलनामा ९.९ प्रतिशतले बढि हो। कुल खर्च मध्ये चालु खर्च रू.२ खर्ब ८० अर्ब ७४ करोड, पूँजीगत खर्च रू.३५ अर्ब ९४ करोड र वित्तीय व्यवस्था तर्फ रू.११ अर्ब ७७ करोड रहेको छ। समीक्षा अवधिमा चालु खर्च १३.७ प्रतिशतले बढेको छ भने पूँजीगत र वित्तीय व्यवस्था तर्फको खर्च क्रमशः ४.४ प्रतिशत र १७.१ प्रतिशतले घटेको छ। कोभिड-१९ संक्रमणको जोखिमका कारण विकास निर्माणका कार्यहरू सञ्चालनमा कठिनाई भएको कारण पूँजीगत खर्चमा अपेक्षित सुधार हुन सकेको छैन।

तालिका (क): पछिल्लो ५ वर्षको मङ्सिर महिनासम्मको खर्चको स्थिति (रू. करोडमा)

| विवरण | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ |
|---|---|---|---|---|---|
| चालु | १६९७६.३ | २९१४५.८ | २४८६८.० | २४६९२.८ | २८०७४.३ |
| पूँजीगत | २२८८.१ | ३१९२.४ | ४०५०.५ | ३७६१.० | ३५९४.२ |
| वित्तीय व्यवस्था | १४४३.६ | १५४१.२ | २०३७.४ | १४१६.९ | ११७७.४ |
| **कुल खर्च** | २०७०७.९ | ३३८७९.४ | ३०९५५.८ | २९८७०.७ | ३२८४५.९ |

स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय।

२. चालु आर्थिक वर्षको मङ्सिर महिनासम्म कुल विनियोजित बजेटको २२.२७ प्रतिशत खर्च भएको छ। गत आर्थिक वर्षको सोही अवधिमा कुल खर्च १९.४९ प्रतिशत भएको थियो। यस अवधिमा चालु खर्च तर्फ विनियोजित बजेटको २९.८५ प्रतिशत, पूँजीगत खर्च १०.१८ प्रतिशत र वित्तीय व्यवस्था तर्फ ६.८१ प्रतिशत खर्च भएको छ। गत आर्थिक वर्ष चालु, पूँजीगत र वित्तीय व्यवस्था तर्फ क्रमशः २५.८० प्रतिशत, ९.२२ प्रतिशत र ८.४४ प्रतिशत रकम खर्च भएको थियो।

तालिका (ख): चालु आर्थिक वर्षको मासिक खर्च स्थिति (रू. करोडमा) एवम् खर्च प्रगति (प्रतिशतमा)

| महिना | चालु खर्च | खर्च प्रगति | पूँजीगत खर्च | खर्च प्रगति | वित्तीय व्यवस्था | खर्च प्रगति | कुल संघीय खर्च | खर्च प्रगति |
|---|---|---|---|---|---|---|---|---|
| श्रावण | १७२.८३ | ०.१८ | १३.३३ | ०.०४ | ११.७५ | ०.०७ | १९७.९१ | ०.१३ |
| भदौ | ६३२४.३४ | ६.६६ | ३७५.२५ | १.०६ | १५७.२८ | ०.९१ | ६८५६.८७ | ४.६५ |
| असोज | १८२६१.८९ | १९.२४ | १५०४.५८ | ४.२६ | ३४१.३९ | १.९८ | २०१०७.८६ | १३.६४ |
| कार्तिक | २३०१२.२ | २४.२५ | २९४४.५२ | ८.३४ | ९५०.३१ | ५.५१ | २६९०७.०३ | १८.२५ |
| मङ्सिर | २८०७४.२८ | २९.८५ | ३५९४.१७ | १०.१८ | ११७७.३६ | ६.८१ | ३२८४५.८१ | २२.२७ |


स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय।

### राजस्व परिचालन

३. आर्थिक वर्ष २०७७/७८ को मङ्सिरसम्म संघीय सरकारको कुल राजस्व रू.३ खर्ब १ अर्ब २९ करोड रहेको छ। यो राजस्व गत आर्थिक वर्षको सोही अवधिको राजस्वको तुलनामा २.४ प्रतिशतले कम हो। कुल राजस्वमा कर राजस्व रू.२ खर्ब ८४ अर्ब ५९ करोड र गैरकर राजस्व रू.१६ अर्ब ७० करोड रहेको छ। यस अवधिमा कुल राजस्व र अन्य प्राप्ति सहित कुल प्राप्ति रू.३ खर्ब २६ अर्ब ८२ करोड रहेको छ।

http://www.mof.gov.np इमेलः epad@mof.gov.np फोन नं.: ०१-४२११३२६ फ्याक्स नं. : ०१-४२११३२५

**चार्ट (क): पछिल्लो ५ वर्षको मङ्सिर महिनासम्मको राजस्व संकलनको प्रवृत्ति (रू.करोडमा)**




स्रोत: अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय।

**तालिका (ग): राजस्व लक्ष्य र असुलीको विवरण (रू.करोडमा)**

| कर शीर्षक | आ.व. २०७७/७८ वार्षिक लक्ष्य | मङ्सिरसम्मको राजस्व असुली | | बृद्धिदर | आ.व. २०७७/७८ को मङ्सिरसम्मको लक्ष्य | मङ्सिर सम्मको लक्ष्यको तुलनामा असुली प्रतिशत |
|---|---|---|---|---|---|---|
| | | २०७६/७७ | २०७७/७८ | | | |
| **भन्सार महशुल** | **१९३५५.४७** | **६५५७.५५** | **७१७९.९४** | **९.४९** | **७४६४.७९** | **९६.१८** |
| **मूल्य अभिवृद्धि कर** | **३०२१६.८७** | **१०५७७.६४** | **१००१५.२४** | **-५.३२** | **११४१०.९२** | **८७.७७** |
| उत्पादन, बिक्री, सेवा | ११२०३.६२ | ४३६५.३७ | ४५१२.३८ | ३.३७ | ४२९०.४९ | १०५.१७ |
| पैठारी | १९०१३.२५ | ६२१२.२७ | ५५०२.८६ | -११.४२ | ७१२०.४३ | ७७.२८ |
| **अन्तःशुल्क** | **१५५५०.४१** | **५३११.५७** | **५११६.०३** | **-३.६८** | **६२३६.९७** | **८२.०३** |
| आन्तरिक उत्पादन | ९८९२.२९ | ३०९२.५५ | ३१०१.६५ | ०.२९ | ३८६०.५६ | ८०.३४ |
| पैठारी | ५६५८.१२ | २२१९.०२ | २०१४.३८ | -९.२२ | २३७६.४१ | ८४.७७ |
| **आयकर** | **२३८०३.८७** | **५४७६.५४** | **५४११.१५** | **-१.१९** | **५१३६.९६** | **१०५.३४** |
| आयकर | २१५०३.१३ | ४४६०.६२ | ४३२३.३७ | -३.०८ | ४०६१.९८ | १०६.४४ |
| ब्याज कर | २३००.६२ | १०१५.९२ | १०८७.७८ | ७.०७ | १०७४.९९ | १०१.१९ |
| **अन्य कर** | **२३६८.४०** | **९४३.६०** | **७३६.१०** | **-२१.९९** | **७९३.०२** | **९२.८२** |
| **कर राजस्व जम्मा** | **९१२९४.९०** | **२८८६६.८९** | **२८४५८.४६** | **-१.४१** | **३१०४२.६६** | **९१.६८** |
| **गैर कर** | **९८८०.९४** | **२०१५.३६** | **१६७०.३८** | **-१७.१२** | **२९६९.२२** | **५६.२६** |
| **कूल राजस्व जम्मा** | **१०११७५.८४** | **३०८८२.२५** | **३०१२८.८४** | **-२.४४** | **३४०११.८८** | **८८.५८** |
| **अन्य प्राप्ति** | **०.००** | **१३२५.९३** | **२५५३.५३** | **९२.५८** | **०.००** | **०.००** |
| **जम्मा राजस्व र अन्य प्राप्ति** | **१०११७५.८४** | **३२२०८.१८** | **३२६८२.३६** | **१.४७** | **३४०११.८८** | **९६.०९** |

#अन्य कर शीर्षकमा पूर्वाधार सेवाको उपयोग, सडक मर्मत तथा सुधार दस्तुर, सडक निर्माण तथा सम्भार शुल्क र शिक्षा सेवा शुल्क मात्र संलग्न गरिएको। अन्य प्राप्तिमा गत वर्षको नगद मौज्दात र बेरूजु वापत प्राप्त रकम समावेश गरिएको छ।* अन्य प्राप्ति समेत।


स्रोत: अर्थ मन्त्रालय।

४. चालु आर्थिक वर्षको मङ्सिरसम्ममा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा भन्सार महशुलमा ९.४९ प्रतिशतले वृद्धि भएको छ भने अन्य विभिन्न शीर्षकमा संकलन भएको राजस्वमा कमी आएको छ। अन्य प्राप्ति तर्फ सङ्कलित राजस्वमा भने वृद्धि भएको छ।

५. चालु वर्षको मङ्सिरसम्मको शीर्षकगत लक्ष्यमा आयकर शीर्षकको राजस्व लक्ष्य भन्दा बढी संकलन भएको छ भने अन्य शीर्षकको राजस्व संकलनमा कमी आई समग्र राजस्व संकलन लक्ष्यको ८८.५८ प्रतिशत संकलन भएको छ।

६. चालु आर्थिक वर्षको मङ्सिर महिनासम्मको राजस्व संरचनाको गत आर्थिक वर्षको सोही अवधिसम्मको राजस्व संरचनासँग तुलना गर्दा केही परिवर्तनहरू भएको देखिएको छ। गत आर्थिक वर्षको मङ्सिरसम्म कुल राजस्वमा भन्सार महशुलको अंश २१ प्रतिशत थियो भने चालु आर्थिक वर्षमा यसको अंश बढेर २४ प्रतिशत पुगेको छ। मूल्य अभिवृद्धि करको अंश ३४ प्रतिशतबाट घटेर ३३ प्रतिशत पुगेको छ भने आयकर र अन्तःशुल्कको अंश क्रमशः १८ प्रतिशत र १७ प्रतिशत रहेको देखिन्छ। यससम्वन्धी तुलनात्मक विवरण तलको वृत्तचित्र (Pie Chart) मा प्रस्तुत गरिएको छ।

चार्ट (ख): मङ्सिरसम्मको राजस्व संकलनको संरचना




## करको दायरा विस्तार

७. २०७७ मङ्सिरसम्म स्थायी लेखा नम्बर लिने करदाताको कुल संख्या ३६ लाख ४१ हजार ३ सय ५९ पुगेको छ। यस अवधिमा दर्ता भएका कुल करदातामध्ये व्यवसायिक स्थायी लेखा नम्बर लिने करदाता १४ लाख ५९ हजार २ (४०.१ प्रतिशत), व्यक्तिगत स्थायी लेखा नम्बर लिने करदाता २१ लाख ७५ हजार ६ सय ६६ (५९.७ प्रतिशत) र करकट्टी गर्ने निकायले लिएको स्थायी लेखा नम्बर ६ हजार ६ सय ९१ (०.२ प्रतिशत) पुगेको छ। यसैगरी मूल्य अभिवृद्धि करमा दर्ता भएका करदाताको सङ्ख्या २ लाख ७० हजार ५ सय २ र अन्तःशुल्कमा दर्ता हुने करदाताको सङ्ख्या १ लाख ४ हजार ७ सय ८४ पुगेको छ।

८. कोभिड-१९ को कारण व्यवसाय र आर्थिक गतिविधहरू सहज हुन नसक्दा करको दायरा विस्तारमा समेत प्रभाव परेको छ। चालु आर्थिक वर्षको मङ्सिर मसान्ततसम्म गत आर्थिक वर्षको सोही अवधिको तुलनामा स्थायी लेखा नम्बर लिने करदाताको संङ्ख्या ६५.६ प्रतिशतले घटेको छ। त्यस्तै मूल्य अभिवृद्धि करमा दर्ता हुने करदाताको सङ्ख्या ५०.४ र अन्तशुल्कमा दर्ता हुने करदाताको सङ्ख्या ३५.४ प्रतिशतले घटेको छ।

तालिका (घ): व्यक्तिगत तथा व्यवसायिक स्थायी लेखा नम्बर लिएका करदाताको विवरण

| दर्ताको प्रकार | २०७७ असारसम्म | २०७६/७७ को मङ्सिरसम्ममा थप | २०७७/७८ को मङ्सिरसम्ममा थप | वार्षिक प्रतिशत परिवर्तन | हालसम्मको जम्मा |
|---|---|---|---|---|---|
| व्यवसायिक स्थायी लेखा नम्बर (BPAN) | १३५८९३४ | १३३३१७ | १०००६८ | -२४.९ | १४५९००२ |
| व्यक्तिगत स्थायी लेखा नम्बर (PPAN) | १९७३४५२ | ७४७२४४ | २०२२१४ | -७२.९ | २१७५६६६ |
| करकट्टी गर्ने निकायले लिएको स्थायी लेखा नम्बर (WPAN) | ५१०६ | २१४१ | १५८५ | -२६.० | ६६९१ |
| जम्मा स्थायी लेखा नम्बर | ३३३७४९२ | ८८२७०२ | ३०३८६७ | -६५.६ | ३६४१३५९ |
| मू.अ.कर | २५५९६३ | २९२९२ | १४५३९ | -५०.४ | २७०५०२ |
| अन्तः शुल्क | ९४२९२ | १६२३४ | १०४९२ | -३५.४ | १०४७८४ |

स्रोतः आन्तरिक राजस्व विभाग ।

#स्थायी लेखा नम्बरको दर्ता खारेजीबाट कायम भएको सङ्ख्या मात्र समावेश गरिएको।

### बाँडफाँट पछिको संघीय राजस्व

९. चालु आर्थिक वर्षको मङ्सिरसम्म संघीय सरकारको राजस्व (बाँडफाँट अघिको रोयल्टी सहित) गत आर्थिक वर्षको सोही अवधिको तुलनामा २.२ प्रतिशतले संकुचन भई रू.२ खर्ब ६१ अर्ब ९४ करोड रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो राजस्व रू.२ खर्ब ६७ अर्ब ८१ करोड रहेको थियो।

१०. चालु आर्थिक वर्षको मङ्सिरसम्म संघीय सरकारले प्राप्त गर्ने कर राजस्व ०.९८ प्रतिशतले संकुचन भई रू.२ खर्ब ४५ अर्ब २३ करोड रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो राजस्व रू.२ खर्ब ४७ अर्ब ६६ करोड रहेको थियो। यस अवधिमा प्रदेश र स्थानीय तहमा बाँडफाँट भएर जाने कर राजस्व गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ४.० प्रतिशतले संकुचन भई रू.३९ अर्ब ३५ करोड रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो राजस्व रू.४१ अर्ब १ करोड रहेको थियो।


### अन्तर्राष्ट्रिय विकास सहायता प्रतिवद्धता र विदेशी लगानी

११. आर्थिक वर्ष २०७७/७८ को मङ्सिर महिनासम्म वैदेशिक सहायता प्रतिवद्धता गत आर्थिक वर्षको सोही अवधिको रू.७२ अर्ब २९ करोडको तुलनामा ३०.९ प्रतिशतले वृद्धि भई रू.९४ अर्ब ६६ करोड पुगेको छ। उक्त प्रतिवद्धतामध्ये अनुदान सहायता रू.१६ अर्ब ९४ करोड र ऋण सहायता रू.७७ अर्ब ७२ करोड रहेको छ।

१२. कुल वैदेशिक सहायता प्रतिवद्धतामध्ये सडक तथा सुशासन क्षेत्रमा ५७ प्रतिशत, उर्जा क्षेत्रमा २९ प्रतिशत, शिक्षा र स्वास्थ्य तथा कोभिड क्षेत्रमा ५/५ प्रतिशत, कृषि, वन र वातावरण क्षेत्रमा ३ प्रतिशत र पुनर्निर्माण क्षेत्रमा १ प्रतिशत रहेको छ।

१३. वैदेशिक सहायता प्रतिवद्धतामा अनुदान र ऋणको अंश क्रमशः १७.९ प्रतिशत र ८२.१ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो हिस्सा क्रमशः २०.८ प्रतिशत र ७९.२ प्रतिशत रहेको थियो।

चार्ट (ग): आर्थिक वर्ष २०७७/७८ को मङ्सिरसम्मको वैदेशिक सहायता प्रतिवद्धताको संरचना




स्रोतः अर्थ मन्त्रालय।

१४. २०७७ मङ्सिरसम्म कुल २७ अर्ब २४ करोड बराबरको वैदेशिक सहायता प्राप्ति भएको छ। जसमा ६ अर्ब ३२ करोड ३५ लाख वैदेशिक अनुदान र रू.२० अर्ब ९१ करोड ८६ लाख वैदेशिक ऋण रहेको छ।

१५. यस अवधिमा संघीय सरकारको कुल तिर्न बाँकी ऋण रू.१४ खर्ब ९१ करोड ५६ लाख रहेको छ। जसमा आन्तरिक ऋण रू.६ खर्ब ७० अर्ब ७४ करोड र वैदेशिक ऋण रू.८ खर्ब २० अर्ब ८२ करोड रहेको छ। २०७७ मङ्सिरसम्म आन्तरिक ऋण तर्फ रू.१२ अर्ब २३ करोड ब्याज भुक्तानी भएको छ भने बाह्य ऋण तर्फ सावाँ रू.२९ अर्ब ५६ करोड र ब्याज रू.२ अर्ब ६२ करोड गरी रू.३२ अर्ब ५६ करोड रकम भुक्तानी भएको छ।

१६. आर्थिक वर्ष २०७७/७८ को मङ्सिर महिनासम्म विदेशी लगानीमा दर्ता भएका उद्योगको संख्यामा गत आर्थिक वर्षको तुलनामा २५.० प्रतिशतले कमी आई १०८ रहेको छ। सो उद्योगमा कुल प्रस्तावित लगानी गत आर्थिक वर्षको सोही अवधिको तुलनामा २२.९ प्रतिशतले कमी आई रू.२१ अर्ब ११ करोड रहेको छ। गत आर्थिक वर्षको मङ्सिर मसान्तमा विदेशी लगानीका कुल ११४ उद्योग दर्ता भई कुल प्रस्तावित विदेशी लगानी रू.२७ अर्ब ३८ करोड रहेको थियो।

तालिका (ङ): मङ्सिरसम्मको स्वीकृत विदेशी लगानी र उद्योग दर्ता संख्या

| आर्थिक वर्ष | प्रस्तावित विदेशी लगानी (रू..करोडमा) | प्रतिशत परिवर्तन | उद्योग दर्ता संख्या | प्रतिशत परिवर्तन |
|---|---|---|---|---|
| २०७३/७४ | ३९९.८ | | १७० | |
| २०७४/७५ | १३१४.० | २२८.७ | १४४ | -१५.३ |
| २०७५/७६ | ९६१.२ | -२६.८ | १७४ | २०.८ |
| २०७६/७७ | २७३८.२ | १८४.९ | १४४ | -१७.२ |
| २०७७/७८ | २१११.५ | -२२.९ | १०८ | -२५.० |

स्रोतः उद्योग विभाग।

### वित्तीय क्षेत्र

१७. कुल गार्हस्थ्य उत्पादनको अनुपातमा कुल निक्षेप र कुल कर्जा लगानीको अनुपात बढ्दै गएको छ। विपन्न क्षेत्र तर्फ प्रवाहित कर्जा अनुपात बढ्दै गएको छ। २०७६ कार्तिकसम्म ७४१ स्थानीय तहमा वाणिज्य बैंकको शाखा संख्या पुगेकोमा २०७७ कार्तिकसम्म यस्तो संख्या ७४८ पुगेको छ। त्यस्तै २०७६ कार्तिकसम्ममा बैंक तथा वित्तीय संस्थाको सङ्ख्या १६७ रहेकोमा २०७७ मङ्सिर मसान्तमा यस्तो संख्या १४६ कायम भएको छ। २०७६ कार्तिक मसान्तसम्म बैंक तथा वित्तीय संस्थाको शाखा सङ्ख्या ९२२३ रहेकोमा २०७७ कार्तिक मसान्तमा यस्तो सङ्ख्या ९९३७ पुगेको छ।

तालिका (च): कार्तिकसम्मको वित्तीय परिसूचकहरू

| विवरण/ आ.व. | २०७५ | २०७६ | २०७७ |
|---|---|---|---|
| **कुल गार्हस्थ्य उत्पादनको अनुपातमा** | | | |
| कुल निक्षेप | ९८.१८ | ९९.४४ | १०९.३ |
| कुल कर्जा | ८७.२९ | ८८.२ | ९१.५ |

| विवरण/ आ.व. | २०७५ | २०७६ | २०७७ |
|---|---|---|---|
| **कुल कर्जा लगानीको अनुपातमा** | | | |
| निष्कृय कर्जा | १.६९ | १.७४ | १.७३ |
| विपन्न क्षेत्र कर्जा | ६.६३ | ६.७२ | ६.७८ |
| वित्तीय पहुचका परिसूचकहरू | | | |
| बैङ्क तथा वित्तीय संस्था (संख्यामा) | १५४ | १६७ | १४६ |
| बैङ्क तथा वित्तीय संस्थाका शाखा सञ्जाल (संख्यामा) | ७२१८ | ९,२२३ | ९,९३७ |
| कुल निक्षेप खाता (संख्या लाखमा) | २४३.५१ | २९२.७० | ३३५.३२ |
| कुल कर्जा खाता (संख्या लाखमा) | १३.३३ | १४.५६ | १५.५७ |
| एटिएम (संख्यामा) | २९१९ | ३,५२० | ४,१९१ |
| **भारित औसत ब्याजदर** | | | |
| निक्षेप | ६.६१ | ६.८१ | ५.३१ |
| कर्जा | १२.२५ | १२.०२ | ९.५२ |

स्रोतः नेपाल राष्ट्र बैंक।

## बीमा क्षेत्र

१८. चालु आर्थिक वर्षको मङ्सिर महिनासम्म बीमा प्रिमियम संकलनमा अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा ३८.८४ प्रतिशतले वृद्धि भई रू.६१ अर्ब ६० करोड संकलन भएको छ। अघिल्लो आर्थिक वर्षमा यस्तो रकम रू.४४ अर्ब ३६ करोड ९१ लाख रहेको थियो।


१९. जीवन बीमा र निर्जिवन बीमा तर्फको हिस्सा क्रमशः ८६.६ प्रतिशत र १३.४ प्रतिशत रहेको छ।

२०. कोरोना बीमा मापदण्ड, २०७७ बमोजिम २०७७ मङ्सिरसम्म कुल १८,५०२ कोरोना सङ्क्रमितलाई रू.१ अर्ब ८० करोड २८ लाख ५० हजार रकम भुक्तानी दिइएको छ।

## पूँजी बजार

२१. २०७६ मङ्सिरमसान्तमा ११५४.१२ विन्दुमा रहेको नेप्से सूचकाङ्क २०७७ मङ्सिरमा ७८.६ प्रतिशतले बढेर २०७७ मंसिर मसान्तमा २०६१.४२ विन्दु कायम भएको छ।

चार्ट (घ): पछिल्लो ५ वर्षको मङ्सिर मसान्तको नेप्से सूचकांक





स्रोतः नेपाल स्टक एक्सचेन्ज लिमिटेड।

२२. यस अवधिमा वार्षिक विन्दुगत आधारमा बजार पूँजीकरण ८८.५ प्रतिशतले वृद्धि भई रू.२७ खर्ब ६३ अर्ब ६५ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो रकम रू.१४ खर्ब ६६ अर्ब ४ करोड रहेको थियो।

२३. २०७७ मङ्सिर महिनामा नेप्से सूचकांकमा उल्लेखनीय सुधार आएको छ। मङ्सिर ३ गते नेप्से सूचकांक १७४१.८२ विन्दुमा रहेकोमा मङ्सिर १७ गते महिनाकै सबैभन्दा उच्च २०७१.०३ विन्दुमा पुगी महिनाको अन्तिम दिन २०६१.४२ विन्दुमा रहेको छ।

चार्ट (ङ): २०७७ मङ्सिर महिनाको नेप्से सूचकांकको प्रवृत्ति





स्रोतः नेपाल स्टक एक्सचेन्ज लिमिटेड।

## समग्र मूल्य स्थिति

२४. २०७७ कार्तिकमा वार्षिक विन्दुगत आधारमा उपभोक्ता मुद्रास्फीति ४.०५ प्रतिशत रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्रास्फीति ५.७६ प्रतिशत रहेको थियो। २०७७ कार्तिकमा खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति ५.७३ प्रतिशत र गैर खाद्य तथा सेवा समूहको वार्षिक औसत मुद्रास्फीति २.७५ प्रतिशत रहेको छ। २०७६ कार्तिकको तुलनामा तरकारी उपसमूहको मूल्यवृद्धि २०.८८ प्रतिशत र दाल तथा गेडागुडी उपसमूहको मूल्य वृद्धि १३.७० प्रतिशत रहेको छ।

चार्ट (च): वार्षिक विन्दुगत आधारमा पछिल्लो ५ आर्थिक वर्षको कार्तिक महिनाको उपभोक्ता मुद्रास्फीतिको प्रवृत्ति




स्रोतः नेपाल राष्ट्र बैंक।

## बाह्य क्षेत्र

### वस्तु निकासी

२५. आर्थिक वर्ष २०७७/७८ को मङ्सिर महिनासम्म कुल वस्तु निकासी गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ५.१ प्रतिशतले वृद्धि भई रू.५० अर्ब ५ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा कुल वस्तु निकासी रू.४७ अर्ब ६१ करोड रहेको थियो।

२६. समीक्षा अवधिमा भारत तर्फको वस्तु निकासी ८.६ प्रतिशतले वृद्धि भएको छ भने चीन तर्फको निकासी ५५.२ प्रतिशतले घटेको छ।

२७. चालु आर्थिक वर्षको मङ्सिरसम्मको कुल निकासीमध्ये भारत, चीन, र अन्य देशहरूतर्फ भएको निकासीको अंश क्रमशः ७०.७ प्रतिशत, ०.७ प्रतिशत र २८.६ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो निकासी क्रमशः ६८.४ प्रतिशत, १.८ प्रतिशत र २९.८ प्रतिशत रहेको थियो।

२८. यस अवधिमा प्रशोधित भटमासको तेल, चिया, अलैंची, जमोठ कपडा, जुटका बुनिएका कपडा लगायतका वस्तुको निकासी बढेको छ।

तालिका (छ): मङ्सिर महिनासम्म निकासी भएका प्रमुख १० वस्तुहरू (रू.करोडमा)

| वस्तु | २०७६/७७ | २०७७/७८ | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| भटमासको तेल प्रशोधित | ३०८.८ | १३५०.६ | ३३७.३ |
| सेन्थेटिक यार्न | ३६०.१ | ३१३.१ | -१३.० |
| उनी गलैंचा कार्पेट | ३२२.३ | ३१०.६ | -३.६ |
| अलैची | १८६.४ | ३०७.४ | ६४.९ |
| चिया | १४५.० | २५६.० | ७६.५ |
| तयारी कपडा | २६४.७ | २५३.३ | -४.३ |
| जमोठ कपडा | ११९.६ | १९३.५ | ६१.७ |
| जुटका बुनिएका कपडा | १२९.१ | १५६.८ | २१.४ |
| फलफुलको जुस | १५६.८५ | १५१.१ | -३.७ |
| अन्य कपडा (उनी, सुती, टेरीकटन बाहेकका) | १४१.० | १२९.४ | -८.२ |
| अन्य | २६२७.८ | १५८३.९ | -३९.७ |
| कुल निकासी | ४७६१.६ | ५००५.६ | ५.१ |

स्रोतः भन्सार विभाग।

## वस्तु पैठारी

२९. चालु आर्थिक वर्ष २०७७/७८ को मङ्सिर महिनासम्म कुल वस्तु पैठारी गत आर्थिक वर्षको सोही अवधिको रू.५ खर्ब ८१ अर्ब २५ करोडको तुलनामा ९.६ प्रतिशतले कमी आई रू.५ खर्ब २५ अर्ब ४९ करोड रहेको छ।

तालिका (ज): मङ्सिर महिनासम्म पैठारी भएका प्रमुख १० वस्तुहरू (रू.करोडमा)

| वस्तु | २०७६/७७ | २०७७/७८ | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| डिजेल | ३८५० | २३४४ | -३९.१ |
| एम.एस.विलेट | १७०१ | २०४९ | २०.४ |
| मोवाइल टेलिफोन | १०३६ | १७६४ | ७०.३ |
| भटमासको तेल कच्चा | ६६२ | १४६८ | १२१.८ |
| तयारी कपडा | १६७९ | १२९४ | -२२.९ |
| चामल | ८०९ | ११९३ | ४७.४ |
| एल पि ग्यास | १२०३ | ११०० | -८.६ |
| पेट्रोल | १५५७ | १०१९ | -३४.६ |
| एच.आर.सिट | १२१२ | ९४० | -२२.४ |
| पोलीथिन दाना | ९२४ | ८९८ | -२.८ |
| अन्य | ४३४९२ | ३८४८१ | -११.५ |
| कुल पैठारी | ५८१२५.६६ | ५२५४९.५६ | -९.६ |

स्रोतः भन्सार विभाग।

३०. यस अवधिमा भारत र चीनबाट भएको पैठारी क्रमशः १.१ प्रतिशत र २४.४ प्रतिशतले घटेको छ।


३१. यस अवधिको कुल पैठारीमध्ये भारत, चीन र अन्य देशहरूतर्फ भएको पैठारीको अंश क्रमशः ६५.८ प्रतिशत, १४.७ प्रतिशत र १९.५ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्षमा यस्तो अनुपात क्रमशः ६०.२ प्रतिशत, १७.६ प्रतिशत र २२.२ प्रतिशत रहेको थियो।

३२. चालु आर्थिक वर्ष २०७७/७८ को मङ्सिर महिनासम्म भटमासको कच्चा तेल, मोवाइल टेलिफोन, चामल लगायतका वस्तुको पैठारी बढेको छ।

## व्यापार सन्तुलन

३३. निर्यातमा भएको वृद्धि र आयातमा भएको कमीका कारण वस्तु व्यापार घाटा सुधारोन्मुख छ। यद्यपि कुल व्यापारमा निकासीको अंश उल्लेख्य रूपमा बढ्न सकेको छैन।

चार्ट (छ): पछिल्लो ५ आर्थिक वर्षको मङ्सिरसम्मको वस्तु व्यापार घाटाको स्थिति (रू.अर्बमा)




स्रोतः भन्सार विभाग।

३४. आर्थिक वर्ष २०७७/७८ को मङ्सिर महिनासम्मको कुल वस्तु व्यापार घाटा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १०.९ प्रतिशतले घटेर रू.४ खर्ब ७५ अर्ब ४४ करोडमा झरेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो वस्तु व्यापार घाटा रू.५ खर्ब ३३ अर्ब ६४ करोड थियो।

तालिका (झ): मङ्सिर महिनासम्मको कुल वस्तु व्यापारमा निकासी र पैठारीको अंश (प्रतिशतमा)

| आर्थिक वर्ष | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ |
|---|---|---|---|---|---|
| पैठारी | ९२.५९ | ९३.०६ | ९४.१८ | ९२.४३ | ९१.३० |
| निकासी | ७.४१ | ६.९४ | ५.८२ | ७.५७ | ८.७० |
| कुल व्यापार | १००.०० | १००.०० | १००.०० | १००.०० | १००.०० |

स्रोतः भन्सार विभाग।

३५. यस अवधिको कुल वस्तु व्यापारमा निर्यात र आयातको अंश क्रमशः ८.७ प्रतिशत र ९१.३ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो अंश क्रमश ७.६ प्रतिशत र ९२.४ प्रतिशत रहेको थियो।

## सेवा व्यापार

३६. आर्थिक वर्ष २०७७/७८ को कार्तिकसम्म कुल सेवा आय गत आर्थिक वर्षको रू.५८ अर्ब ९३ करोडको तुलनामा ५५.७ प्रतिशतले संकुचन भई रू.२६ अर्ब ११ करोड रहेको छ। साथै यस अवधिमा सेवा खर्चमा ३२.० प्रतिशतले संकुचन भई रू.४१ अर्ब ७५ करोड रहेको छ।

३७. आर्थिक वर्ष २०७७/७८ कार्तिकसम्म खुद सेवा आय रू.१५ अर्ब ६४ करोडले घाटामा रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो आय रू.२ अर्ब ४९ करोडले घाटामा रहेको थियो।

### विप्रेषण आप्रवाह

३८. आर्थिक वर्ष २०७७/७८ को कार्त्तिकसम्म विप्रेषण आप्रवाह गत आर्थिक वर्षको रू.३ खर्ब ३ अर्ब ६६ करोडको तुलनामा ११.२ प्रतिशतले वृद्धि भई रू.३ खर्ब ३७ अर्ब ७२ करोड पुगेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह २.८ प्रतिशतले घटेको थियो।

### चालु खाता एवम् शोधनान्तर स्थिति

३९. आर्थिक वर्ष २०७७/७८ को कार्तिक महिनासम्म शोधनान्तर स्थिति रू.१ खर्ब १० अर्ब ६५ करोडले बचतमा रहेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा शोधनान्तर स्थिति रू.२७ अर्ब २९ करोडले बचतमा रहेको थियो। त्यसैगरी यस अवधिमा चालु खाता रू.२० अर्ब ४६ करोडले बचतमा रहेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा चालु खाता रू.३४ अर्ब १२ करोडले घाटामा रहेको थियो।

### विदेशी विनिमय सञ्चिति

४०. २०७६ कार्तिक मसान्तमा रू.११ खर्ब ३ अर्ब १२ करोड रहेको विदेशी विनिमय सञ्चिति २०७७ कार्तिक मसान्तमा ३६.५३ प्रतिशतले बढेर रू.१५ खर्ब ६ अर्ब ६ करोड पुगेको छ।

४१. आर्थिक वर्ष २०७७/७८ को कार्तिकसम्मको आयातलाई आधार लिदाँ हालको विदेशी विनिमय सञ्चितिले करिब १५.४ महिनाको वस्तु आयात र करिब १४.० महिनाको वस्तु तथा सेवाको आयात धान्न पर्याप्त रहेको छ।

### विनिमय दर


४२. २०७७ असार मसान्तको तुलनामा २०७७ कार्तिक मसान्तमा अमेरिकी डलरसँग नेपाली रूपैयाँ १.१ प्रतिशतले अधिमूल्यन भई अमेरिकी डलर एकको खरिद विनिमय दर रू.११९.०७ पुगेको छ। २०७७ असार मसान्तमा यस्तो विनिमय दर रू.१२०.३७ रहेको थियो।

### अन्य आर्थिक गतिविधि

### कम्पनी दर्ता

४३. आर्थिक वर्ष २०७७/७८ को मङ्सिर महिनासम्म दर्ता भएका कम्पनीको संख्या ८.७ प्रतिशतले वृद्धि भई ११९७६ पुगेको छ। कम्पनीको संख्यामा भएको वृद्धिले कोभिड-१९ को महामारीको बाबजुद आर्थिक क्रियाकलाप सुधारोन्मुख रहेको देखिन्छ।

चार्ट (ज): मङ्सिर मसान्तसम्मको कम्पनी दर्ताको प्रवृत्ति




स्रोत: कम्पनी रजिष्ट्रारको कार्यालय।

## नीतिगत तथा कानूनी विषयहरू

- नेपाल लेखापरीक्षण सेवा (गठन, श्रेणी विभाजन र नियुक्ति) नियमहरू, २०७७ नेपाल सरकार मन्त्रिपरिषदबाट मिति २०७७/०८/२३ को निर्णयले स्वीकृत भएको छ।
- आयोजनाको बहुवर्षीय ठेक्का सम्बन्धी (पहिलो संशोधन) मापदण्ड, २०७७, सहलगानी सम्बन्धी कार्यविधि, २०७७ सम्बन्धी सूचना, सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्ड, २०७७ सम्बन्धी सूचना, व्यावसायिक निरन्तरता कर्जा प्रवाह कार्यविधि, २०७७ सम्बन्धी सूचना र नवप्रवर्तन सुरुवाती पूँजी कर्जा प्रवाह कार्यविधि, २०७७ सम्बन्धी सूचना राजपत्रमा प्रकाशन गरिएको छ।
- धितोपत्र दर्ता तथा निष्काशन (चौथो संशोधन) नियमावली, २०७७ माथि स्वीकृति प्रदान गरिएको छ।
- शीतघर तथा खाद्यान्न भण्डारण घर निर्माणका लागि कर्जाको ब्याज अनुदान रू.५ करोड ४५ लाख ८३ हजार ५ सय १६ र पैसा ४८ नेपाल राष्ट्र बैंकलाई सोधभर्ना उपलब्ध गराइएको छ।
- यस मन्त्रालयमा राय तथा परामर्शको लागि लेखी आएका विभिन्न नीतिगत तथा कानूनी विषयहरूमा छलफल गरी राय/सुझाव उपलब्ध गराइएको छ।
- कपडा उद्योगहरूले उद्योग संचालनार्थ खपत हुने विद्युत्त महसुलमा ५० प्रतिशत अनुदान दिने सम्बन्धी नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७५/०८/२४ को निर्णय कार्यान्वयनका गर्ने व्यवस्था मिलाइएको छ।
- तत्कालिन नेपाल खाद्य संस्थानको स्वामित्वमा का.म.न.पा. वडा नं.११ स्थित कि.नं.२५९७ को जग्गा मध्ये १३-१५-२-० रोपनी जग्गा राष्ट्रिय बीमा संस्थान र राष्ट्रिय बीमा कम्पनीलाई बिक्री गर्ने प्रस्ताव मन्त्रिपरिषद्मा पेश गर्न उद्योग,वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई सहमति प्रदान गरिएको छ।
- नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७७/०८/०७ को निर्णयानुसार स्वीकृत नवप्रर्वतन सुरूवाती पूँजी कर्जा प्रवाह कार्यविधि, २०७७ राष्ट्रिय योजना आयोग र उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट कार्यान्वयन गर्ने व्यवस्था मिलाइएको छ।

## मन्त्रालयका गतिविधिहरू

- आर्थिक वर्ष २०७७/७८ को प्रथम चौमासिक प्रगति समीक्षा एवं मन्त्रालयस्तरीय विकास समस्या समाधान समिति (MDAC) आयोजना गरिएको राष्ट्रिय योजना आयोगद्वारा संचालित राष्ट्रिय विकास समस्या समाधान उपसमितिको बैठकमा यस मन्त्रालयका तर्फबाट सहभागिता जनाइएको छ।

- राजस्व सचिव रामशरण पुडासैनीको नेतृत्वमा अर्थ मन्त्रालय राजस्व व्यवस्थापन महाशाखाका सहसचिव रामेश्वर दंगाल, भन्सार विभागका महानिर्देशक सुमन दाहाल सहितको टोलीबाट वीरगञ्ज भन्सार कार्यालय, सुक्खा बन्दरगाह भन्सार कार्यालय, आन्तरिक राजस्व कार्यालय बीरगंज र आन्तरिक राजस्व कार्यालय सिमराको मिति २०७७ मङ्सिर २५ र २६ गते अनुगमन तथा निरीक्षण सम्पन्न भएको छ।
- भन्सार जाँचपास प्रक्रियालाई सहज एवम् सरलीकरण गर्न र समन्वयात्मक रूपमा भन्सार व्यवस्थापन गर्ने उद्देश्यले भन्सार विभागका महानिर्देशकको अध्यक्षतामा विभिन्न विभाग र निकायको सहभागितामा २०७७ मङ्सिर २८ गते समन्वयात्मक बैठक सम्पन्न भयो।

## अन्य गतिविधिहरू

- माननीय अर्थमन्त्री श्री विष्णुप्रसाद पौडेल र नेपालका लागि रूसी महासंघका महामहिम राजदूत Aleksei A. Navikov बीच मिति २०७७ मङ्सिर ४ गते अर्थ मन्त्रालयमा शिष्टाचार भेट सम्पन्न भयो। उक्त भेटमा माननीय अर्थमन्त्रीले नेपाल र रूस बीचको सम्बन्ध धेरै पुरानो भएको स्मरण गर्दै रूस सरकारले नेपालको विकासमा गर्दै आएको सहयोगको लागि धन्यवाद दिनुभयो। माननीय अर्थमन्त्री र महामहिम राजदूत बीच द्विपक्षीय सम्वन्ध, पर्यटन प्रवर्द्धन, लगानी तथा कोभिड–१९ महामारीको नियन्त्रण लगायतका विषयमा छलफल भयो। महामहिम राजदूतले माननीय अर्थमन्त्रीलाई अर्थमन्त्री हुनु भएकोमा बधाई दिनुहुँदै सफल कार्यकालको शुभकामना दिनुभयो। उहाँले कोभिड–१९ नियन्त्रणका लागि संयुक्त प्रयास गर्ने समेत बताउनु भयो।
- २०७७ मङ्सिर १४ गते माननीय अर्थमन्त्री विष्णुप्रसाद पौडेलले नेपाल उद्योग परिसंघका पदाधिकारीहरूसँग अर्थ मन्त्रालयमा भेट गरी सरकार निजी क्षेत्रलाई साथ लिएर अघि बढ्ने बताउनु भयो। सो अवसरमा उद्योग परिसंघका पदाधिकारीहरूले अर्थतन्त्र सुधार सम्बन्धी सुझावहरू दिनु भएको थियो।
- २०७७ मङ्सिर १६ गते नेपाल आर्थिक पत्रकार समाज (सेजन) को २२औं वार्षिकोत्सबका अवसरमा आयोजितकार्यक्रमलाई सम्बोधन गर्नुहुँदै माननीय अर्थमन्त्री विष्णुप्रसाद पौडेलले अहिलेको अवस्थामा अर्थतन्त्रलाई उकास्न सबै क्षेत्रसँग सहकार्य गर्ने र सरकारले अग्रपंक्तिमा रहेर काम गर्ने बताउनु भयो।
- २०७७ मङ्सिर १७ गते नेपाल उद्योग वाणिज्य महासंघका पदाधिकारीहरूले दिनु भएको सुझावमा धारणा राख्नुहुँदै माननीय अर्थमन्त्री विष्णप्रसाद पौडेलले निजी क्षेत्रप्रति सरकारको सकारात्मक धारणा रहेको र मिलेर काम गर्न तत्पर रहेको बताउनु भयो।
- २०७७ मङ्सिर १९ गते माननीय अर्थमन्त्री विष्णु प्रसाद पौडेलको समुपस्थितिमा अर्थमन्त्रालयमा आर्थिक वर्ष २०७७/७८ को प्रथम चौमासिक समीक्षा सम्पन्न भएको छ। सो अवसरमा राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष, नेपाल राष्ट्र बैंकका गभर्नर, अर्थ मन्त्रालयका सचिव र महालेखा नियन्त्रक लगायत मन्त्रालयका महाशाखा प्रमुखहरू, विभागीय प्रमुखहरू, नियमनकारी निकाय एवं आयोजना प्रमुख तथा सम्बद्ध पदाधिकारीको उपस्थिति रहेको थियो।
- २०७७ मङ्सिर १९ गते माननीय अर्थमन्त्री विष्णुप्रसाद पौडेल र नेपालका लागि युरोपीयन युनियनका महामहिम राजदूत नोना डेप्रेजबीच अर्थ मन्त्रालयमा शिष्टाचार भेट भएको छ। उक्त भेटमा नेपाल र युरोपीयन युनियनबीच दुईपक्षीय सम्वन्ध र आपसी सहयोगबारे छलफल भएको थियो।
- २०७७ मङ्सिर २५ गते माननीय अर्मथन्त्री विष्णुप्रसाद पौडेल र नेपालका लागि कोरियाका महामहिम राजदूत पार्क योङसिक बीच अर्थ मन्त्रालयमा शिष्टाचार भेटघाट भयो। भेटवार्तामा दुईपक्षीय सम्बन्ध, सहकार्य र सहयोगबारे छलफल भयो।
- २०७७ मङ्सिर २६ गते माननीय अर्थमन्त्री विष्णुप्रसाद पौडेल र नेपालका लागि फिनल्याण्डका महामहिम राजदूत Mr. Pertti Anttinen बीच शिष्टाचार भेटघाट भयो। उक्त भेटमा माननीय अर्थमन्त्रीले नेपाल र फिनल्याण्डबीच सदैव सुखद र असल सम्बन्ध भएको उल्लेख गर्नु हुँदै नेपालको विकासमा फिनल्याण्ड सरकारले गर्दै आएको सहयोगको लागि धन्यवाद दिनुभयो। माननीय अर्थमन्त्री र महामहिम राजदूतबीच द्विपक्षीय सम्बन्ध, विकास सहायता परिचालन, प्रवर्द्धन, लगानी अभिवृद्धि तथा कोभिड-१९ महामारीको नियन्त्रण लगायतका विषयमा छलफल भयो।
- उक्त भेटमा महामहिम राजदूतले सन् २०२१ देखि २०२४ सम्म फिनल्याण्डले नेपालको लागि गर्ने विकास सहायता रणनीतिका बारेमा जानकारी गराउनुभयो। महामहिम राजदूतले नेपालसँग सहकार्य गर्दै सहायता अभिवृद्धि गर्दै जाने समेत बताउनु भयो।
- २०७७ मङ्सिर २६ गते माननीय अर्थमन्त्री विष्णुप्रसाद पौडेल र अन्तर्राष्ट्रिय मुद्रा कोषका पदाधिकारी बीच Extended Credit Facility (ECF) कार्यक्रमको तयारी लगायत अर्थतन्त्र सम्वन्धी विविध विषयमा भिडियो कन्फेरेन्स मार्फत छलफल भयो।